नेपाल सरकार

# सूचना तथा सञ्चार मन्त्रालय

सिंहदरबार, काठमाडौं

## प्रेस विज्ञप्ति

सूचना तथा सञ्चार मन्त्रालयका माननीय मन्त्री डा. विक्रम तिमिल्सिनासँग संयुक्त राष्ट्रसंघीय निकायका प्रतिनिधिहरूले आज औपचारिक भेटघाट गर्नुभयो। भेटघाटका क्रममा डिजिटल शासन, साइबर अपराध नियन्त्रण, पत्रकार सुरक्षा, मिडिया सुधार तथा सेवा प्रवाहमा प्रविधिको उपयोगलगायत विषयमा छलफल भयो।

संयुक्त राष्ट्रसंघीय निकायका प्रतिनिधिहरूले डिजिटल साक्षरता, मिडियाको क्षमता विकास, प्रविधिमैत्री सेवा प्रवाह, साइबर अपराध नियन्त्रण तथा डिजिटल सुरक्षा सुदृढ गर्ने लगायतका क्षेत्रमा संयुक्त राष्ट्रसंघीय निकायहरू नेपालसँग सहकार्य गर्न ईच्छुक रहेको जानकारी गराउनु भयो। सो अवसरमा प्रतिनिधिहरूबाट नेपालका नागरिक एप, एकीकृत कार्यालय व्यवस्थापन प्रणाली, हेलो सरकारजस्ता प्रणालीको सुदृढीकरण र प्रभावकारी उपयोगमा निरन्तर सहयोग गर्ने प्रतिबद्धता समेत व्यक्त भयो।

भेटघाटको अवसरमा मन्त्री डा. तिमिल्सिनाले अभिव्यक्ति स्वतन्त्रता र प्रेस स्वतन्त्रताप्रति नेपालको प्रतिवद्धताका बारेमा उल्लेख गर्दै मिडियालाई जिम्मेवार, उत्तरदायी र समाजोपयोगी बनाउन पत्रकारका लागि तथ्य परीक्षण, क्षमता अभिवृद्धि र मिडिया नियमन सुदृढीकरणलाई प्राथमिकतामा राखिएको बताउनुभयो। डिजिटल रूपान्तरण, साइबर सुरक्षा, मिडिया सुधार, विश्वसनीय सूचना प्रवाह तथा संस्थागत क्षमता अभिवृद्धिका क्षेत्रमा संयुक्त राष्ट्रसंघीय निकायहरूसँगको सहकार्यलाई थप विस्तार गर्न सरकार इच्छुक रहेको समेत जानकारी गराउनुभयो। उक्त भेटघाटमा सरकारको प्रमुख प्राथमिकतामा डिजिटल रूपान्तरण रहेकोले इन्टरनेट पहुँच विस्तार, डिजिटल पूर्वाधार विकास, हुलाक सेवा सुधार र सरकारी संस्थाहरूको क्षमता अभिवृद्धिमार्फत सेवा प्रवाहलाई थप सहज र नागरिकमैत्री बनाउने विषयमा समेत छलफल भयो ।

२०८३/२/२२

काठमाडौं, २२ जेठ २०८३

सहसचिव एवम् प्रवक्ता